# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः२) पञ्चकन्या, मंसिर महिना १८ गते, २०७५ साल (संख्याः ६**


**भाग–२**

## पञ्चकन्या गाउँपालिका तथ्यांक संकलन छनौट तथा सिफारिस कार्यविधि, २०७५

**प्रस्तावना :-**

स्थानीय तहको गठन पश्चात गाउँकार्यपालिकाको कार्यालय एवम् गाउँपालिका अन्र्तगतका वडा कार्यालयहरुको कार्यालयीय कामकाज सञ्चालन र मातहत कार्यालयहरुका लागी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ जारी भएसँगै कार्याविभाजन र कार्यसम्पादन यकिन भई सकेको स्थानीय तहमा विकास निर्माणका कार्यहरुलाई गतिशिलता प्रदान गर्न आवश्यक पर्ने विभिन्न तथ्यांकहरु संकलन गर्न तथा आन्तरिक आय वृद्धि मार्फत स्वावलम्वी अर्थतन्त्रको खोजी गर्ने उद्देश्यले गाउँकार्यपालिकाको कार्यालयवाट **पञ्चकन्या गाउँपालिका तथ्यांक संकलक छनौट तथा सिफारीस कार्यविधि २०७५**तर्जुमा गरी लागु गरीएको छ।

## १. संक्षिप्त नाम र प्ररम्भ :

क. यस कार्यविधिको नाम पञ्चकन्या गाउँपालिका तथ्यांक संकलक छनौट तथा सिफारीस कार्यविधि २०७५ रहनेछ।

ख यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२ **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क " तथ्यांक संकलक " भन्नाले यस गाउँपालिकावाट घर र घरले ओगटेको जग्गा लगायतका विवरण उपलव्ध गराउनको लागी नियूक्ति गरीने व्यक्तीलाई सम्भन्नु पर्दछ।

ख. "समिति" भन्नाले कर्मचारी छनौटको लागी गठित समिति वुभन्नु पर्दछ।

ग. "परिक्षा" भन्नाले कर्मचारी छनौटका लागी यस गाउँपालिकावाट लिईने लिखित परिक्षा वा अर्न्तवार्ता वा प्रयोगात्मक परिक्षा समेतलाई वुभन्नु पर्दछ।

३ **समितिको गठन र कार्य** :

क. तथ्यांक संकलक छनौट तथा सिफरीसको लागी " कर्मचारी छनौट तथा सिफरीस समिति" गठन गरीने छ।

ख. समितिमाा देहायका व्यक्ति रहनेछन् :

१ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — संयोजक
२ प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रशासनको १ जना कर्मचारी — सदस्य सचिव
३ गाउँपालिकाको अध्यक्षले तोकेको अधिकृतस्तरको १ जना विषय विशेषज्ञ — सदस्य
४ लेखा शाखाका प्रमुख वा निजले तोकेको लेखा शाखाका कर्मचारी १ जना — सदस्य

अनुसुची १

तथ्याङ्ग संकलक छनौटको सम्वन्धि कार्यविधि

| क्र.सं | सुचकहरु | पुणाङ्क |
|---|---|---|
| १ | **शैक्षिक योग्यता (सुचनाको अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा )** | ३० |
| १.१ | एस् .एल्. सी .वा सो सरह मात्र | २४ |
| १.१.१ | +२ वा सो सरह | २६ |
| १.१.२ | स्नातक वा सो सरह | २८ |
| १.१.३ | स्नाकतकोत्तर वा सो सरह | ३० |

| | | |
|---|---|---|
| १.१.४ | **न्यूनतम शैक्षिक योग्यताको श्रेणी वापत** | २५ |
| १.२ | ८० प्रतिशत वा सो भन्दा माथि | २५ |
| १.२.१ | ६० प्रतिशत देखी ८० प्रतिशत भित्रको प्रतिशत वा सो भन्दा माथि | २३ |
| १.२.२ | ४५ प्रतिशत देखी ६० प्रतिशत भित्रको प्रतिशत वा सो भन्दा माथि | २१ |
| १.२.३ | ४५ प्रतिशत भन्दा तल | १९ |
| १.२.४ | **ग्रेडिङ प्वाइन्टको हकमा** | |
| २ | ३.२ वा सो भन्दा माथि | २५ |
| २.१ | २.४ देखी ३.१९९ सम्मलाइ | २३ |
| २.२ | २.० देखी २.३९९ सम्म्लाई | २१ |
| २.३ | २.० भन्दा तललाई | १९ |
| २.४ | **वसिन्दाको आधारमा** | २० |
| ३ | सम्बन्धित गा.पा को वासिन्दा भएमा | २० |
| ३.१ | सम्बन्धित जिल्लाको वासिन्दा भएमा | १८ |
| ३.२ | सम्बन्धित जिल्ला भन्दा वाहिरको वासिन्दा भएमा | १६ |
| ३.३ | **उमेर सम्बन्धि** | ५ |
| ३.४ | १८-२२ वर्ष | ५ |
| ४. | २२-२६ वर्ष | ४.५ |
| ४.१ | २६-३० वर्ष | ४ |
| ४.२ | ३० भन्दा माथिलाई | ३.५ |
| ५ | अन्तरर्वाता | २० |
| ५.१ | न्यूनतम | १२ |
| | अधिकतम | १६ |

**आज्ञाले**

**नरेश पुडासैनी**

**प्रमुख प्रशासकीय अधिकृत**